आज मिति २०७८ साल आश्विन ०५ गते मंगलबारका दिन विर्तामोड नगरपालिकाको बैठक नगर प्रमुख श्री ध्रुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

नगर प्रमुख : श्री ध्रुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्रप्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्गदेन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्गवा

७ नं. का.वा वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं. वडा अध्यक्ष : श्री अजय कार्की

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपदि गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता घिमिरे

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सचिव : श्री गणेश प्रसाद दाहाल

CamScanner

निर्णय नं.१. बिर्तामोड नगरपालिकाको आ.व.२०७७/०७८ को वार्षिक प्रगति समिक्षा तथा आ.व.२०७८/०७९ को नगर विकास योजना सार्वजनिकिकरण र सम्मान कार्यक्रम मिति २०७८/०६/११ गते विहान ७:३० बजे नगरपालिकाको कार्यालय भवनमा सुरु गर्ने निर्णय गरियो ।

निर्णय नं.२. बिर्तामोड नगरपालिका अर्न्तगतको फोहोरमैलालाई दिगो रुपमा व्यवस्थान गर्नका लागि आवश्यक पर्ने ल्याण्डफिल्ड खरिदका लागि स्रोत व्यवस्थापन गरि जग्गा खरिदका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं.३. बिर्तामोड नगरपालिका अन्तर्गत रहेका पुराना भौतिक पुर्वाधारहरुको मर्मत सम्भार गर्नका लागि तयारी गरिएको बिर्तामोड नगरपालिका **मर्मत सम्भार कोष संचालन कार्यविधि २०७८** लाई स्विकृत गरि कार्यान्वय गर्ने निर्णय गरियो ।

निर्णय न.४. बिर्तामोड नगरपालिकाको स्वामित्वमा र अर्जुनधारा नगरपालिकाको भूगोलमा पर्ने टेक वहादुर गिरी बस पार्कको पार्किङ तथा पूर्वाधार उपयोग शुल्कको आय सम्वन्धमा जिल्ला समन्वय समिति झापाको च.नं.८४/०७७/०७८ मिति २०७७/०६/०४ को पत्रानुसार अर्जुनधारा नगरपालिकालाई आम्दानीको ४० प्रतिशत उपलब्ध गराउने समझदारी अनुसार गत आ.व.२०७७/०७८ मा कोरोना समयमा जारी निषेधाज्ञा अवधिको छुट दिइ प्राप्त भएको जम्मा रकम रु २०,०१,२५०।- (अक्षरुपी वीस लाख एक हजार दुई सय) बाट ४० प्रतिशतले हुने रु ८,००,५००।- (अक्षरुपी आठ लाख पाँच सय) र श्री टेक बहादुर बसपार्कमा अस्थायी प्रहरी चौकी बिट निमार्ण वापत भएको खर्च जम्मा रु ३,४६,०००।- (अक्षरुपी तिन लाख छयालीस हजार) मध्ये ४० प्रतिशतले हुन आउने रकम रु १,३८,४००।- (अक्षरुपी एक लाख अटतीस हजार चार सय) कटाइ बाँकी हुन आउने जम्मा रकम रु ६,६२,४००।- (अक्षरुपी छ लाख वैसाठी हजार चार सय) अर्जुनधारा नगरपालिकालाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.५. विर्तामोड नगरपालिका वडा नं. ८ बस्ने राधा राजवंशीको पति नारायण राजवंशीको मिति २०७८/०३/२२ गते मृत्यु भएको हुँदा निजको आर्थिक अवस्था कम्जार भएको हुँदा काजक्रियाको लागि रु ३०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.६. विर्तामोड नगरपालिकामा संचालन भई रहेको नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान ( पारुहाङ कलेज अफ हस्पिटालिटी मेनेजमेन्ट) लाई श्री दुर्गा गुठी भगवती स्थान गरामनीको नाममा दर्ता रहेको साविक गरामनी-३ हाल बिर्तामोड नगरपालिका वडा नं.८ मा रहेको जम्मा ज.वि मध्ये ज.वि.२-०-० पैतिस वर्ष सम्मको लागि लिजमा उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

निर्णय नं.७. चालु आ.व.२०७८/०७९ को खलेकुद कार्यकममा विनियोजीत रकम रु ३० लाख विर्तामोड नगरपालिकाको खेलकुद विकास समितिको सिफारिसमा निम्न बमोजिमका कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो

*निम्नः–*

१. राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता रु ४,००,०००।-
२. वडा स्तरिय फुटबल खेल प्रतियोगिता रु ६,००,०००।-
३. प्रदेश स्तरिय भलिवल खेल प्रतियोगिता रु ४,००,०००।-
४. कराते मेयर कप खेल प्रतियोगिता रु ३,००,०००।-
५. प्रदेश स्तरिय बक्सिङ खेल प्रतियोगिता रु २,००,०००।-
६. बडी बिल्डीङ खेल प्रतियोगिता रु २,००,०००।-
७. खेलकुद सामाग्री खरिद रु २,००,०००।-
८. विविध तथा सर सहयोगिको लागि रु ७,००,०००।-

निर्णय नं.८. बिर्तामोड नगरपालिकाको आ.व.२०७७/०७८ मा बिर्तामोड नगरपालिका वडा नं.९ मा खेल मैदान निर्माण गर्न विनियोजन भएको रकम रु २५,००,०००।- बाट यस आ.व.२०७८/०७९ मा पनि उपयुक्त योजना छनौट गरि संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.९. चालु आ.व.२०७८/०७९ का योजना तथा कार्यक्रमहरु २०७८ साल पौष मसान्त भित्रमा सम्झौता गरि सक्नु पर्ने र योजना संचालन सम्बन्धि निर्देशन निम्नानुसार सबै वडा तथा विषयगत शाखाहरुमा पठाउने ।

निर्णय नं.१०. बिर्तामोड नगरपालिकाको विषयगत समिति तथा अन्य समितिहरुको बैठकको बैठक भत्ता प्रति बैठक रु १०००।- उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner